सिरीजङ्घा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)

तेल्लोक, ताप्लेजुङ्ग
कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८३/०८४
च. नं. २६६

मितिः २०८३/०५/२६

## लेखापरीक्षकका लागि आशयपत्र माग गरिएको सम्बन्धी सूचना।

प्रस्तुत विषयमा शिक्षा नियमावली २०५९ को नियम १७१ मा विद्यालयको लेखापरिक्षण गराउने व्यवस्था भए बमोजिम यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरु र सामुदायिक सिकाइ केन्द्रहरुको आ.व. २०८२।०८३ को लेखा परिक्षण गर्न इच्छुक चार्टर एकाउन्टेन्टस् संस्थामा दर्ता भएका लेखापरिक्षकहरुले तपसिल बमोजिमको कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आशयपत्र पेश गर्नुहुन गाउँकार्यपालिकाको मिति २०८३।०५।११ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ। साथै आशय पत्र पेश भई स्वीकृत भएका लेखापरीक्षकहरुको विवरण सम्बन्धित विद्यालयलाई जानकारी गराइनेछ र विद्यालयहरुले बढीमा ३ वटा फमहरु सिफारीस गरी पठाउनु पर्नेछ। विद्यालयहरुले सिफारीस गरी पठाएका ३ वटा फमहरुमध्ये १ वटा फमलाई छनोट गरी विद्यालयको लेखा परीक्षण गर्न जिम्मेवारी दिइनेछ।

**तपसिल**

१. व्यक्तिगत निवेदन थान-१
२. लेखापरीक्षण अनुमतीपत्र (लाइसेन्स) प्रतिलिपि थान-१
३. नेपाली नागरिताको प्रमाणीत प्रतिलिपि थान-१
४. आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि थान-१
५. स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि थान-१
६. लेखा व्यवसायी संस्था नविकरण सम्बन्धी कागजातहरुको प्रतिलिपि थान-१
७. कुनै सार्वजनिक निकायमा कार्यरत कर्मचारीको सम्बन्धमा विभागीय अनुमतिको सक्कल पत्र थान-१

...................................
डिल्लीराज खड्का
शिक्षा अधिकृत

सिरीजङ्घा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकूद शाखा)
तेल्लोक, ताप्लेजुङ्ग
कोशी प्रदेश, नेपाल

पत्र संख्या: २०८३/०८४
च. नं. १६६
मिति: २०८३/०५/२६

# विषय विज्ञ सूचिमा सूचिकृत हुन निवेदन पेश गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८३।०५।२६)

श्री सम्बन्धित शिक्षकहरु सबै,
सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त हुने सम्पुर्ण शिक्षक तथा कर्मचारीहरुको अस्थायी करार पदमा पदपुर्ती गर्नका लागि गाउँपालिका स्तरीय विषय विज्ञ सूचिमा सूचिकृत हुन तपसिलका योग्यता र मापदण्ड पुरा गरेका इच्छुक शिक्षकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजात सहित शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन कार्यालयको मिति २०८३।०५।२६ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरु**

- सूचिकृत हुने निवेदन,
- नेपाली नागरिकताको प्रतिलिपि,
- शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,
- नियुक्ती पत्रको प्रतिलिपि,
- रु ३०० को राजस्व दाखिला भौचर प्रतिलिपि,

**तपसिल**

१. आधारभुत तह कक्षा १-५ तर्फ
- न्युनतम शैक्षिक योग्यता: शिक्षा शास्त्र संकायमा प्रविणता प्रमाणपत्र तह उतीर्ण,
- शिक्षण अनुभव: ५ वर्ष स्थायी सेवा,

२. आधारभुत तह कक्षा ६-८ तर्फ
- न्युनतम शैक्षिक योग्यता: सम्बन्धित विषयमा स्नातक तह उतीर्ण
- शिक्षण अनुभव: ३ वर्ष स्थायी सेवा,

३. माध्यमिक तह कक्षा ९-१२ तर्फ
- न्युनतम शैक्षिक योग्यता: सम्बन्धित विषयमा स्नातक/ स्नातकोत्तर उतीर्ण,
- शिक्षण अनुभव: २ वर्ष

डिल्लीराज खड्का
शिक्षा अधिकृत



CamScanner